'हाम्रो नगर हाम्रो शान, Smart City निर्माण हाम्रो अभियान'

# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

निजगढ, बारा
प्रदेश नं. २, नेपाल ।

पत्र संख्याः २०७७।०७८
च.नं.:

फोन नं.: ०५३–५४०२००

---

अनुदानको मल बिक्री, वितरणको लागि विक्रेताले आवेदन पेश गर्ने बारेको सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/०७/२६ गते)

प्रस्तुत बिषयमा **अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७** बमोजिम यस निजगढ न.पा.को स्थानीय मल वितरण व्यवस्थापन समितिको मिति २०७७/०७/२५ गते बैठकको निर्णयानुसार **अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को परिच्छेद ३ दफा १५** अनुसार मल बिक्रेता नियुक्ति तथा बिक्री वितरण सम्बन्धी व्यवस्थाको लागि यस निजगढ न.पा. भित्र रहेका ईच्छुक कृषि सहकारी संस्था, अन्य सहकारी संस्था, निजी फर्म वा कम्पनीहरुले तपशील बमोजिमका कागजातहरु संलग्न राखी प्रथम पटक सूचनामा प्रकाशन भएको मितीले १५ दिनभित्र मिति २०७७/०८/१० गते सम्म आवेदन पेश गर्न सूचित गरिन्छ ।

**पेश गर्नुपर्ने कागजातहरु:**

१. अनुदानको मल बिक्रेता नियुक्तिको लागि निवेदन,
२. सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. सम्बन्धित वडा कार्यालयको सिफारिस,
४. विगत दुई आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि,
५. स्थायी लेखा नम्बर दर्ताको प्रतिलिपि र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि,
६. अनुभव कार्यदक्षता कार्यक्षमताको विवरण,(अव मल विक्री वितरण गर्ने सक्ने क्षेत्र)
७ नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण,
८. संस्थाले रासायनिक मल कारोबार गर्ने कार्यक्षेत्र,
९. रासायनिक मल इजाजत लिएको भए प्रमाण पत्रको प्रतिलिपि र विगत २ बर्षको मल वितरणको विवरण,
१०. सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि,

२०७७/७/२६

(सुमन कुमार कार्की)
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव